नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम व्यवस्थापन एकाइ खुमलटार, ललितपुर

# करार सेवामा कृषि तथा पशु विकास अधिकृतहरुको पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/०४**

लोक सेवा आयोगको केन्द्रीय कार्यालय र प्रदेश लोकसेवा आयोगहरुले आ.व २०८१/८२ र आ.व २०८२/८३ मा नेपाल कृषि सेवाका (कृषि र पशुपन्छी विकास ) राजपत्रांकित तृतीय श्रेणीका अधिकृत वा सो सरहका पदमा स्थायी पदपूर्तिका लागि लिएका परीक्षाहरुबाट सिफारिस गर्ने क्रममा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुले यस कार्यक्रम अन्तर्गत जुनसुकै जिल्लामा खटिएर करार सेवा गर्न इच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले २१(एक्काइस) दिन भित्र कार्यक्रम व्यवस्थापन एकाइ खुमलटार, ललितपुरमा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ। सेवा, सुविधा तथा अन्य जानकारी कार्यक्रमको वेवसाइट www.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ।

कार्यक्रम निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर

## सेवा, सुविधा तथा कार्यक्षेत्र

१.सेवा सुविधाः तलव सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ र बिदा लगायत अन्य सुविधाहरु सम्झौता अनुसार हुनेछ।

२.कार्यक्षेत्रः कार्यक्रम व्यवस्थापन एकाइले रिक्त रहेका कार्यक्रम कार्यान्वयन एकाइहरुको आधारमा कार्यक्षेत्र तोक्नेछ।

३.छनोट भएका उम्मेदवारले खटाइएको जुनसुकै जिल्लामा गएर सेवा गर्नुपर्नेछ।

४.सेवा अवधिः स्वीकृत स्थायी/करार दरबन्दीमा नेपाल सरकारको स्थायी कर्मचारी पदस्थापन वा सरुवा भई नआएमा २०८३ असार मसान्तसम्म सेवा अवधि हुने र कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यकता बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही करार अवधि थप गर्दै लगिनेछ।

५.उम्मेदवारहरु सम्पर्कमा आउदा कार्यालयको Website मा रहेको दरखास्त फारम भरी लोकसेवा आयोग केन्द्रीय कार्यालय/प्रदेश लोकसेवा आयोगहरुको आ.व ०८१/०८२ र आ.व २०८२/८३ को वैकल्पिक तथा अस्थायी योग्यताक्रम, नागरिकताको प्रमाणपत्र, प्रवेशपत्रको छायाँप्रति समेत संलग्न गरी कार्यक्रम व्यवस्थापन एकाइको Email मार्फत समेत पेश गर्न सकिनेछ।

६.निवेदक उम्मेदवारहरुको कुनै शर्त सहितको सम्झौता स्वीकार गरिनेछैन र कुनै निवेदक उम्मेदवारहरुलाई सम्झौता गर्ने नगर्ने अधिकार कार्यक्रमले निर्णय गर्नेछ।

थप जानकारीको लागि
फोन.नं ०१५४२०३४६/५४४६९०६
Email id: pmamp.pmu@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम व्यवस्थापन एकाइ

# दरखास्त फाराम

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारको दस्तखत गर्ने |
|---|

(1) उम्मेदवार (अस्थायी/वैकल्पिक सूचीमा परेको) ले दरखास्त फाराम भर्दाको पद सम्बन्धी विवरण

| 1.विज्ञापन नं. | 2.खुला/महिला/आ.ज./मधेसी/दलित/अपाङ्ग/पि.क्षे. | 3.पद | 4.श्रेणी/तह |
|---|---|---|---|
| 5. सङ् घ/प्रदेश | | | |

(2) उम्मेदवारको वैयक्तिक विवरण

| | | | |
|---|---|---|---|
| उम्मेदवार | नाम,थरः | (देवनागरीमा): | |
| | | (अङ् ग्रेजी ठुलो अक्षरमा) | लिङ्गः |
| | नागरिकता नं. | जारी गर्ने जिल्लाः | मितिः |
| स्थायी ठेगाना | (1) जिल्लाः | (2) न.पा/गा.पा | (3) वडा नं. |
| पत्राचार गर्ने ठेगाना | | | ई-मेलः |
| बाबुको नाम,थरः- | | आमाको नाम,थरः- | |
| बाजेको नाम,थरः- | | पति/पत्नीको नाम,थरः- | |
| जन्म मिति (वि.सं.मा) | | इस्वी सन् मा हालको उमेरः वर्ष महिना | |

(3) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश् वविद्यालय/बोर्ड/तालिम दिने संस्था | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| तालिम | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। कुनै कुरा ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु/बुझाउनेछु। खटाइएको जुनसुकै जिल्लामा गएर काम गर्न इच्छूक छु भनी प्रतिबद्धता जायर गर्दछु।

| उम्मेदवारको ल्याप्चे | |
|---|---|
| | |

उम्मेदवारको दस्तखतः

मितिः

द्रष्टव्यः दरखास्त साथ निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

1. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
2. लोक सेवा आयोगको वैकल्पिक/अस्थायी योग्यताक्रम
3. प्रवेशपत्र